बजार, लमजु
गण्डकी प्रदेश

आज मिति २०७९ साल असार १ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा ११६ औं बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नबिन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिवाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | नरेन्द्र राज घिमिरे | लेखा अधिकृत | |
| २ | विवेक कुमार पण्डित | प्रशासन अधिकृत | |
| ३ | सुजन मिश्र | सुचना प्रविधि अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७९/०३/०१ गते बसेको ११६ औं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०२/२३ गते बसेको ११५ औं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १२ वटा निर्णयहरु भएकोमा १० वटा निर्णयहरु कार्यान्वयन भएको र २ वटा निर्णयहरु कार्यान्वयनको कममा रहेको पाईयो ।

**निर्णय नं २**

मिति २०७९/०३/०८ गते आ.व २०७९/८० को निति तथा कार्यक्रम पेश गर्ने र मिति २०७९/०३/१० गते बजेट तथा कार्यक्रम पेश गर्नको लागि सुन्दरबजार नगरपालिकाको दशौं नगरसभा यसै नगरपालिकाको सभा हलमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

सुन्दरबजार नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को नियम १५ को उपनियम (१)मा व्यवस्था भए बमोजिमका समितिहरुमा तपशिल अनुसार सदस्य चयन गर्ने निर्णय गरियो ।

| सि.नं | समिति | संयोजक | सदस्य | सदस्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | श्री अमृत नेउपाने | श्री विजेन्द्र थापा | श्री नबिन कुमार श्रेष्ठ | |
| २ | आर्थिक विकास समिति | श्री कृष्ण प्रसाद अधिकारी | श्री राधिका अधिकारी भट्टराई | श्री कृष्ण बहादुर दुरा | |
| ३ | सामाजिक विकास समिति | श्री दिपक राज ढकाल | श्री कर्न बहादुर गुरुङ | श्री सुकमाया गुरुङ | |
| ४ | पूर्वाधार विकास समिति | श्री जयराम रेग्मी | श्री इन्दु अधिकारी | श्री राजेन्द्र वि.क | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री श्रीकाजी गुरुङ | श्री ओम बहादुर दुरा | श्री भगवती देवी वि.क | |
| ६ | विधेयक समिति | श्री दिनेश बाबु कोइराला | श्री राधिका अधिकारी भट्टराई | श्री विल बहादुर घर्ती | |

निर्णय प्रमाणित
२०७९/३/१

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ४**

खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग तथा GOEC-GIDAN (JV) बीचको सम्झौता अनुसार यस सुन्दरबजार ढल व्यवस्थापन आयोजनाको सर्भे कार्यका लागि आवश्यक सहयोग तथा समन्वयका लागि GOEC-GIDAN (JV), Buddhanagar, Kathmandu ले मिति २०७९/०२/२५ गते निवेदन पेश गरेको हुँदा सो आयोजना सर्भेको लागि स्विकृति प्रदान गर्दै आवश्यक सहयोग तथा समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

आ.व २०७९/८० को वजेट तथा कार्यक्रमका लागि प्रत्येक वडामा ५५ लाखको वजेट सिलिङ तोकिएकोमा उक्त सीमा भित्र रही विपद व्यवस्थापन, ब्याक हो लोडर संचालन तथा सडक मर्मत सम्भार खर्च, वडा कार्यालय व्यवस्थापन, शिक्षा, स्वास्थ्य, कृषि, पशु, भौतिक पुर्वाधार, मानव पूँजी निर्माण, महिला बालबालिका तथा जेष्ठ नागरिक लगायतका विषयहरु समेतलाई समेट्ने गरी योजना तथा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

विपद व्यवस्थापन शीर्षकमा उपयुक्त शीर्षकबाट कार्यक्रम संसोधन गरी रु १०,००,०००।(अक्षरेपी दश लाख मात्र) रकम थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

मिति २०७८ असोजमा परेको अबिरल बर्षाको कारण खत्रीठाँटी-हाडेटार–कुन्छा गढी जाने सडक खण्डमा पुगेको क्षतीले सडक अवरुद्ध भएको र उक्त सडक सञ्चालनको लागि सडक मर्मत तथा ग्राबेल गर्दा लागेको खर्च रु २,५०,०००।(अक्षरेपी दुई लाख पचास हजार मात्र) विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ८**

सु.न.पा ९ स्थित भक्ति नमुना मा.वि हुँदै बेलघारी जाने सडक अविरल वर्षाको कारण भत्कन गई मर्मत गर्दा लागेको खर्च रु ४०,७००।(अक्षरेपी चालिस हजार सात सय मात्र) विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

सु.न.पा ६ र ७ मा रहेका किसानहरुले मेकेडेमिया (Dry Foods) को बिरुवा पोखराबाट ल्याई फलफुल खेती गर्नको लागि बजेट माग गरेकोले विरुवा र ढुवानी बापतको खर्च रु २३,०००।(अक्षरेपी तेईस हजार मात्र) वन तथा वातावरण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

**निर्णय नं १०**

मिति २०७८ साउन २३ गतेको अविरल वर्षाका कारण गएको पहिरोले सु.न.पा ४ सत्रसयमा राम बहादुर भुजेल र बसुन्धरा भुजेलको घरमा क्षती पुऱ्याउन लागेकोले उक्त पहिरो पन्छाउन डोजर संचालन गर्दा लागेको खर्च रु ४९,०००।(अक्षरेपी उननापचास हजार मात्र) विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ११**

सु.न.पा ८ स्थित तार्कुकोटमा रहेको पम्पीङ खानेपानी योजनाको पानी तान्ने पम्प र मोटर बिग्रेको कारण खानेपानी सेवा अवरुद्ध भएकोले उक्त पम्प र मोटर मर्मत साथै खानेपानी ट्याङ्की समेत मर्मत गर्दा लागेको खर्च रु ९९०००। (अक्षरेपी उननासय हजार मात्र) अन्य पूर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १२**

सु.न.पा ७ पाँउदीमा रहेको प्रहरी चौकीको भवनको छाना मिति २०७८ चैत्र महिनामा आएको हावाहुरीले उडाएको कारण सोही नजिकै रहेको श्री रविन्द्र विक्रम थापाको घरमा अस्थायी रुपमा प्रहरी चौकी सञ्चालन भएको हुँदा उक्त घरको बैशाख देखी असार मसान्त सम्मको ३ महिनाको घरभाडा मासिक रु १९०००। को दरले जम्मा रु ५७,०००।(अक्षरेपी सन्ताउन्न हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १३**

सु.न.पा ९ मा निर्माणाधिन आँखा उपचार केन्द्रको जग्गा लिजमा लिएको र लिज बापत जिल्ला मालपोत कार्यालय, लमजुङलाई बुझाउन पर्ने रसिद कमोजिमको रकम विविध/भैपरी आउने शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०७८।३।१

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत